# करारनामा

(निर्माता र पार्श्व संगीतकार)

मितिः

लिखितम् का.जि.का.म.न.पा. वडा नं. ......, ........................., काठमाडौंमा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता भएको....................................................प्रा.लि. (प्रा.लि.नं. .....................................)को तर्फबाट अख्तियार प्राप्त संचालक, जिल्ला .............................. म.न.पा. ⁄ उप म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. ............................... वडा नं.–........ स्थाई घर भई हाल ..........................................वडा नं. ........., ......................, .......................... बस्ने श्री .......................................... (जसलाई यसपछि यस सम्झौतामा प्रथमपक्ष भनि संवोधन गरिएको छ) र जिल्ला ............................ म.न.पा. ⁄ उप म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. ........................................ वडा नं ...... स्थाई ठेगाना रहीहाल ................. बस्ने (ना.प्र. नं. ....................................) भएकाश्री .............................. (जसलाई यसपछि यस सम्झौतामा दोस्रो पक्षभनि संवोधन गरिएको छ) बिच तपसिलमा उल्लेखित शर्तहरु पालना गर्न सहमतभई प्रथमपक्षले निर्माण गर्न लागेको ......................................नामक नेपाली कथानक चलचित्रमा **पार्श्व संगीतकार**को रुपमा काम गर्न–गराउन मञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ..... बमोजिम म.न.पा ⁄ उ.म.न.पा ⁄ न.पा. ⁄ गा.पा. वडा नम्बर.......... को कार्यालयको रोहवरमा सही छाप गरि ........................................प्रा. लि.को कार्यालय ......................, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक ⁄ एक प्रति बुझि लियौँ ⁄ दियौँ ।

## तपसील

१.प्रथम पक्षले निर्माण गर्ने नेपाली कथानक चलचित्र..........................मा दोस्रो पक्षले **पार्श्व संगीतकार**को रुपमा काम गर्ने विषयमा दुबै पक्ष बीचमा सहमति गरियो ।पार्श्व संगीत अर्न्तगत दोस्रो पक्षले निम्न कार्यहरुः कम्पोजिङ, अरेन्जिङ, कम्पोजिशन फेज रेकडिङ र जनरल मिक्सिङ गर्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

२. यो सम्झौता पत्र,हस्ताक्षर गरेको मितिबाट बि. सं. ...............साल ............महिना सम्म लागू हुनेछ । अर्थात बि. सं. ................ साल .............को ........गतेसम्म चलचित्र.........................को लागि फाइनल पार्श्व संगित दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनु पर्नेछ भन्ने कुरामा दुबै पक्षमञ्जुर गर्दछौं ।

३. पार्श्व संगीत सिर्जना गर्नुभन्दा अगाडि दोस्रो पक्षले चलचित्र.............................का निर्देशकसँग चलचित्रको मुल मर्म, चलचित्रको मुड, चलचित्रका पात्रहरु, चलचित्रको दृष्य भाषा, चलचित्रले भन्न खोजेको बिषय आदिका बारेमा आवश्यकताअनुसार विभिन्न चरणमा छलफल गर्नुपर्नेछ । र, दोस्रो पक्षले सिर्जना गरेको पार्श्व संगीत चलचित्र............................का निर्देशकलाई चित्त नबुझेमा दोस्रो पक्षले पुनःपार्श्व संगीत सिर्जना गर्नुपर्नेछ । यसरी पुनःपार्श्व संगीत सिर्जना गर्नु पर्नेभएमा प्रथमपक्षले दोस्रो पक्षलाई अतिरिक्त पारिश्रमिक दिनुपर्ने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

४. दोस्रो पक्षले प्रथम पक्षलाई चलचित्र..............................को लागि उपलव्ध गराएको फाइनल पार्श्व संगीत वापत् प्रथम पक्षले पारिश्रमिक स्वरुप जम्मा रु.............................( अक्षरेपी.............................................मात्र) दोस्रो पक्षलाई उपलब्ध गराउने कुरामा दुबै पक्षबीच सहमति गरियो । तर फाइनल पार्श्व संगीत तयार पार्ने क्रममा यदि अतिरिक्त बाद्यवाधक प्रयोग गर्नुपर्ने भएमा अतिरिक्त बाद्यवाधकको पारिश्रमिक प्रथम पक्षले भुक्तानी गर्नुपर्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

५. गोपनियताका सम्वन्धमा, प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको चलचित्र................................को विषयवस्तु, कथासार, कथाका चरित्रहरु अथवा फाइनल स्क्रिप्ट र चलचित्र.........................को लागि तयार पारिएको पार्श्व संगीतको बारेमा तेस्रो पक्षलाई सुनाउन अथवा सुचना दिन पाइने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

६. भुक्तानी प्रकृया सम्वन्धमा सम्झौता भएको दिन.................प्रतिशत, पार्श्व संगीत सिर्जनाको काम सकिए पछि ...........प्रतिशत तथा दोस्रो पक्षले फाइनल पार्श्व संगीत प्रथम पक्षलाई हस्तान्तरण गरेपछि बाँकी..........प्रतिशत रकम प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराउने कुरामा दुबै पक्षमञ्जुर गर्दछौं ।

७. प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नेपाल सरकारको नियमानुसार लाग्ने कर कट्टीहुनेछ भन्ने कुरामादुबै पक्षमञ्जुर गर्दछौं ।

८. दोश्रो पक्षले प्रथम पक्षसँग उचित पारिश्रमिक लिई प्रथम पक्षलाई उपलव्ध गराएको फाइनल पार्श्व संगीतको कपीराईट प्रथम पक्षसँग रहनेछ । साथै कुनैपनि डिजिटल माध्यम, अनलाईन, टिभी, रेडियो लगायत भविष्यमा आउने कुनै पनि माध्यमबाट पार्श्व संगीत प्रसारण, प्रदर्शन गर`बापत हुने आम्दानीमा दोश्रो पक्षले कुनै हकदावी गर्न पाउने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

९. दोस्रो पक्षले रचना गरेर प्रथम पक्षलाई उपलव्ध गराएको पार्श्व संगीत कहीँकतैबाट चोरी गरेको पाइएमा त्यसको जिम्वेवार दोस्रो पक्षएक्लै हुनेछ भन्ने कुरामादुबै पक्षमञ्जुर गर्दछौं ।

१०.यो सम्झौतामा लेखिएको यसै सम्झौता अनुसार र यसमा नभएको कुरामा नेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार हुनेछ भन्ने कुरामा दुबै पक्षमञ्जुर गर्दछौं ।

११. यस सम्झौता पत्रमा उल्लिखित शर्तको परिणाम जानीबुझी लेखिलेखाइ एक एक प्रति लियौं दियौं ।

१२. माथि लेखिए बमोजिमको शर्त बन्देजहरुको परीपालना गर्नमा हामी दुवै थरिबाट मञ्जुर गरेका छौं । मुकाम म.न.पा./उप म.न.पा./न.पा./गा.पा. वडा नम्बर ......, .......................हो ।

.पा./उप म.न.पा./न.पा./गा.पा. वडा नम्बर ......, .......................हो ।

| प्रथमपक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः ................................................... | नामः ....................................................... |
| दर्जाः सञ्चालक/निर्माता | दर्जाः पार्श्व संगीतकार |
| कम्पनीको नामः ....................................... | आवद्धताः ................................................. |
| सम्पर्क नम्बरः ......................................... | सम्पर्क नम्बरः .......................................... |
| इमेल ठेगानाः .......................................... | इमेल ठेगानाः ........................................... |

| | |
|---|---|
| दा. हस्ताक्षर बा. | दा. हस्ताक्षर बा. |

साक्षीहरु

(क) .........................................

(ख) ..........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता– ......................................
प्रमाणपत्र नम्बरः .................................

इति सम्वत् २०.......... साल ................. महिना .... गते ..... रोज शुभम्